का.जि.प्र.का.द.नं. १००/०५१/५०

३० चैत २०८०, शुक्रबार

12 April 2024, Friday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ५९ । पृष्ठ १२ + ८ + ८ + ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नयाँ वर्ष महिला-मन्थन विशेष थप २४ पृष्ठ



शेखर चाहना

## सभापति हुँदै प्रधानमन्त्रीसम्म

पार्टी नेतृत्वका लागि निरन्तर प्रयास गरिरहेका कांग्रेस नेता डा. शेखर कोइराला अन्तर पार्टी संवादमा छन् । पार्टीमा हावी हुँदै सभापति हुने र त्यतिबेलासम्म एमालेसँग मिलेर माओवादीलाई सत्ताच्युत गर्ने उनको चाहना देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

पछिल्लो समय नेपाली कांग्रेसका नेता डा.शेखर कोइराला नेकपा एमालेसँगको सहकार्यमा जोड दिइरहेका छन् । बिहीबार घोराहीमा आयोजित कांग्रेस दाङको दोस्रो जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै नेता कोइरालाले संसदमा रहेका पहिलो र दोस्रो दल मिल्नुपर्ने बताए ।

'मैले देश बचाउनकै लागि संसदमा रहेका पहिलो र दोस्रो दल मिल्नुपर्छ भनेर भन्दै आएको हुँ' कोइरालाले एमाले र कांग्रेसबीच सहकार्यको आवश्यकतामा जोड दिँदै भने, 'छिटोभन्दा छिटो दुई ठुला दल एक ठाउँमा उभिएर देशलाई निकास दिऊँ ।'

माओवादी केन्द्रसँगको सत्ता समीकरणमा हुँदादेखि नै एमाले र कांग्रेसबीचको सहकार्यको वकालत गरिरहेका उनी आफ्नो पार्टीसँग माओवादीले सत्ता समीकरण तोडेपछि थप रुष्ट छन् । सत्ता समीकरणमा माओवादीसँग रहेकै बेला एमालेको साथ लिएर कोशी प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार बनाएका डा.शेखर कोइराला अब पुष्पकमल दाहाल पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## युरोप पठाउने नाममा बढ्यो ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ चैत

क्यानडासहित विभिन्न युरोपेली मुलुकमा बढेको रोजगारीको सम्भावनासँगै उक्त सम्भावना भजाएर ठगी हुने क्रम तीव्र देखिएको छ । खाडी तथा मलेसियाको रोजगारीका नाममा एक-दुई लाख रुपैयाँ ठगी हुने गरेकोमा क्यानडासहित विभिन्न युरोपेली मुलुकको रोजगारीको नाममा करोडौं ठगी हुने प्रवृत्ति देखिएको छ ।

ठगी रकमको अंक अस्वभाविकरुपमा ठूलो भएपनि त्यसलाई नियन्त्रण गर्ने सरकारी क्षमता र पर्याप्त इच्छाशक्ति नदेखिएको नेपालको श्रम आप्रवासनमा चासो राख्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले पनि टिप्पणी गर्न थालेका छन् ।

वैदेशिक रोजगार विभागमा हाल शैक्षिक कन्सल्ट्यान्सी, ट्राभल्स एजेन्सी र व्यक्तिगतरुपमा युरोपेली मुलुकमा पठाउने भन्दै ठूलो परिणामको रकम ठगी भएको भन्दै दैनिकरुपमा लाखौं असुल उपर र दोषीलाई कारबाहीको माग गर्दै जाहेरी पर्ने गरेका छन् ।

ईपेपर हेर्न

बीबीसी नेपाली सेवालगायतका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले नेपालीहरुलाई वैदेशिक रोजगारीका लागि क्यानडा तथा युरोपेली देशहरु पठाइदिने भन्दै ठगी गर्ने र विभिन्न ठाउँमा पुऱ्याएर अलपत्र पार्ने क्रम तीव्ररुपमा बढ्न थालेको उल्लेख गरेका छन् ।

खाडी र मलेसिया निर्भर नेपालीको श्रम गन्तव्य पछिल्ला दिनमा क्यानडा, अष्ट्रेलियालगायत युरोपेली देशहरु हुन थालेपछि ती देशमा पठाइदिने भन्दै ठगी गर्ने क्रम पनि उत्तिकै तीव्र देखिएको हो ।

वैदेशिक रोजगारमा बेलायत पठाइदिन्छु भनि ३५ जना व्यक्तिको ६ करोड रुपैयाँ ठगी गरेको उजुरीका आधारमा केही दिनअघि प्रहरीले झापाको कमल गाउँपालिका-७ घर भइ हाल काठमाडौंको कागेश्वरी पृष्ठ २ मा

### ठमेल चौबिसै घण्टा खुला

## पर्यटकीय गतिविधि बढ्ने विश्वास

चौबिसै घण्टा ठमेल र दरबारमार्ग खुल्ने भएपछि व्यवसायीहरू उत्साहित भएका छन् ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ चैत ।

काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेल र व्यापारिक केन्द्र दरबारमार्ग चौबिसै घण्टा खुला हुने भएको छ । उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले नयाँ वर्षका दिन साँझ ६ बजे ठमेल र दरबारमार्ग पूर्णकालीन संचालनको औपचारिक उद्घाटन गर्ने कार्यक्रम छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले ठमेल र दरबारमार्ग क्षेत्र चौबिसै घण्टा खुलाउन सुरक्षा व्यवस्था मिलाएको छ । चौबिसै घण्टा ठमेल र दरबारमार्ग खुल्ने भएपछि व्यवसायीहरू उत्साहित भएका छन् ।

ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग विकास बोर्डले बिहीबार संयुक्त पत्रकार सम्मेलन गरेर सरकारी निर्णयको स्वागत गरे । ठमेल विकास परिषद्का अध्यक्ष भविश्वर शर्मा ठमेल खुला हुँदा समेत 'आन्तरिक र विदेशी पर्यटकले पूर्ण सुरक्षाको अनुभूति गर्न सक्ने' बताउँछन् ।




> सानो देश नेपाल चौबिसै घण्टा खुल्छ भनेर विश्वभर सन्देश दिने वातावरण बनाउने हो भने नेपालको अर्थतन्त्रमा ठूलो योगदान हुनेछ ।
>
> **सञ्जय अधिकारी**
> *संयोजक*
> *दरबारमार्ग विकास बोर्ड*

रात्रिकालीन मनोरञ्जन व्यापारीका हकमा आन्तरिक सुरक्षा प्रबन्ध मिलाउन सबै गतिविधि देखिने गरी सिसीटिभी राख्ने, डिस्को र डान्सबार पूर्ण साउन्ड प्रुफ हुनुपर्ने जस्ता आचारसंहिता बनाइएको छ । तर, भगवानबहाल क्षेत्रका व्यवसाय भने रातीमा खुल्ने छैनन् । स्थानीय घरधनीले असहमति जनाएपछि भगवानबहाल क्षेत्रमा राती व्यवसाय बन्द नै रहने भएको हो ।

सरकारी र गैरसरकारी तथ्याङ्क अनुसार ठमेल क्षेत्रमा ६० हजार जनाले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा रोजगारी पाएका छन । ८ हजार भन्दा पृष्ठ २ मा

हार्दिक शुभकामना

बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य,
दीर्घायू, भातृत्व एकता एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

बाबुलाल मगर (नरेन्द्र)
सञ्चालक तथा प्रवन्ध निर्देशक
एवं
The Global Recruitment Agency Pvt. Ltd.
द ग्लोबल रिक्रुटमेण्ट एजेन्सी प्रा.लि., परिवार
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल, फोनः ०१-४३६५२६४, ४३६५९८३

NIC ASIA
एन आई सी एशिया बैंक लि.
Bank Anytime
Anywhere with NIC ASIA
MoBank App
NEA | Flight ticket | Government payment | Apply For Share | Insurance
TV | Water | Internet | Topup | Bus
School | Demat | Cardless withdraw
Fund transfer | Credit card | EMI
SCAN to DOWNLOAD
Google play | App Store
बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि
Customer Care: 1660-01-77771, 1810-21-77771
Hotline: 01-5970101

# देश र जनताको हितमा लाग्न अध्यक्ष ओलीको सुझाव

**ताप्लेजुङ/मस**-नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई संगठित गर्दै अघि बढ्न आफ्ना नेता कार्यकर्तालाई सुझाव दिएका छन्। आफ्नो स्वार्थमा नभई देश र जनताको हितलाई ध्यानमा राख्दै योजनावद्ध रुपमा अघि बढ्न आफ्ना कार्यकर्तालाई उनले सुझाव दिए।

बिहीबार ताप्लेजुङ सदरमुकाम फुङलिङमा निर्माण भएको मदन भण्डारी स्मृति भवन तथा एमाले पार्टी कार्यालयको उद्घाटन गर्दै उनले स्पष्ट विचारका साथ अनुशासित र सक्रियतापूर्वक रुपमा पार्टी सङ्गठनमा लाग्नुपर्ने बताए।

आफु र आफ्नो पार्टीलाई गन्तव्यमा पुऱ्याउनका लागि हरेक कार्यकर्तामा स्पष्ट विचार, अनुशासन र सक्रियता आवश्यक पर्ने उल्लेख गर्दै सोही अनुसार अघि बढेर मिसन ८४ लाई पूरा गर्नुपर्ने उनले बताए। करिब रु तीन करोड २५ लाख बढीको लागतमा निर्माण भएको भवनको उद्घाटन अघि अध्यक्ष ओली चीनसँगको



सीमावर्ती क्षेत्र ओलाङचुङ्गोला पुगेका थिए। हेलिकप्टरमार्फत त्यहाँ पुगेका ओलीले सीमावर्ती क्षेत्रको हवाई अवलोकन समेत गरे।

यस्तै उनले विराटनगरको रानी भन्सारबाट धनकुटा मूलघाट हुँदै ओलाङचुङ्गोला-टिपताला जोड्ने सडकको ट्र्याक खुलेसँगै बुधबार साँझ ओलाङचुङगोलामा पहिलो पटक सदरमुकाम तर्फबाट पुगेका सवारी साधनका चालकलाई सम्मान पनि गरिएको थियो। कार्यक्रममा अध्यक्ष ओलीसँगै उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, रक्षामन्त्री हरिप्रसाद उप्रेती र पार्टी सचिव योगेशकुमार भट्टराई समेत ताप्लेजुङमा आएका थिए।

# 'राजस्व चुहावटविरुद्ध सरकार निर्मतापूर्वक अघि बढ्छ'



**पर्सा/मस**-उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले राजस्व चुहावट, छली, ठगी, तस्करी जस्ता गैरकानुनी गतिविधि गर्नेविरुद्ध सरकार निर्मतापूर्वक अघि बढ्ने बताएक ाछन्। गृह र अर्थ मन्त्रालयद्वारा वीरगञ्जमा बिहीबार आयोजित राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रणसम्बन्धी गोष्ठीलाई सम्बोधन गर्दै उनले अवैध आर्थिक गतिविधि गर्ने कसैलाई पनि नछाड्ने बताए।

गृहमन्त्री लामिछानेले बिलविजकको विषयमा सरकारले गम्भीरतापूर्वक लिने बताए। 'अन्डरबिलिङ, गलत बिलिङको जुन समस्या देखिएको छ। त्यसलाई पूर्ण रुपमा नियन्त्रण गर्ने कदम चाल्ने रणनीतिसहित अघि बढ्नेछौँ', उनले भने,'बिल नबनाउने, गलत बिल बनाउने। एउटा सामान ल्याउँदा अर्को समानको बिल गराउने कार्यलाई गम्भीरतापूर्वक लिनेछौँ।' गृहमन्त्री लामिछानेले राजस्व संकलनमा देखिएका चुनौतीलाई समाधान गर्नका निमित्त सक्रिय भएर सरकार लागि परेको बताए।

'बजारमा छयाप्पछयाप्ती अखाद्य वस्तुहरु छन्। किसानले उत्पादन गरेका दूध फालिने अवस्था सृजना भएको छ। आफ्नै उत्पादनले बजार पाइरहेका छैनन्। यो कुरा देखेर पनि प्रशासनले वास्ता गरेका छैनन् भने यो कुरामा हामीलाई कुनै पनि हालतमा सह्य हुँदैन', उनले भने,'म आफैंले पनि राम्रो काम गर्न सकिन भने प्रधानमन्त्रीले मलाई पनि माया गरेर राख्नुहुन्न। यो कुरा मलाई मात्रै होइन, सबैलाई लागू हुन्छ।'

गृहमन्त्री लामिछानेले बजारमा प्रतिबन्धित वस्तुहरु पर्याप्त मात्रामा भइरहेको प्रति असन्तुष्टि जनाउँदै सो प्रतिबन्धित आयातलाई नियन्त्रण गर्नेतर्फ अग्रसर हुन सबै सरोकारवाला निकायलाई निर्देशन दिए।

'यसअघि पनि सरकारले आयात प्रतिबन्ध लगाएका वस्तु तथा सेवा बजारमा छयाप्पछयाप्ती देखिरहेको छ। जुन बजारमा प्रतिबन्धित सामग्री छयाप्पछयाप्ती पाइन्छ। यो क्षेत्रमा जिम्मेवारी लिएर बसेका प्रशासनिक तथा प्रहरी अधिकृत पनि निरन्तर रहिरहन सक्दैनन्। त्यसैले त्यस्ता खालका विकृति र विसंगति अन्त्य गर्नका लागि आवश्यक काम गरिहाल्नुस्।'

गृहमन्त्री लामिछानेले अवैध तस्करी तथा भन्सार छलीका गतिविधिलाई कडिकडाउ ढंगले नियन्त्रण गर्न सुरक्षा निकाय तथा अन्य प्रशासनिक निकायलाई निर्देशन दिए। 'उद्योगी/व्यवसायीको व्यवसायलाई सुरक्षा र सुरक्षित गर्ने काम हाम्रो हो। त्यसमा कुनै पनि चिन्ता नलिनुस्। तपाईहरुलाई कसैले पनि विभिन्न डर, धम्की र दबाब दिन सक्दैन। त्यसको ग्यारेन्टी म लिन्छु', उनले भने, 'म वीरगञ्जमा उभिएर बहालवाला गृहमन्त्रीको हैसियतले भनिरहेको छु। नियम कानूनको अधिनमा रहँदा तपाईहरुलाई कसैले दबाब सृजना गर्न सक्दैन। न त यहाँ गुण्डागर्दी चल्छ। न त यहाँ हप्तागिरी चल्छ। न त प्रशासनकै चल्छ। न त अमुक मान्छेकै चल्छ। बस यहाँ केबल चल्छ त कानुनीराज र विधिको शासन मात्रै चल्छ।'

गृहमन्त्री लामिछानेले उद्योगी/व्यवसायीलाई ढुक्क भएर उद्योगधन्दा तथा व्यापार गर्ने वातावरणको व्यवस्था गर्ने बताए। उनले कानून र विधिअनुसार चलेका उद्योग व्यवसायलाई संरक्षण र सुरक्षा प्रदान गर्ने पनि प्रतिबद्धता व्यक्त गरे। गृहमन्त्री लामिछानेले मधेस प्रदेशबाट नै मुलुकमा नियम कानून र थिति बसाल्ने कामको सुरुवात थालेको दाबी गरे।

# लागुऔषधसहित १० कारोबारी पक्राउ

**काठमाडौं/मस**-ठूलो परिमाणको लागुऔषधसहित प्रहरीले १० जना कारोबारीलाई पक्राउ परेको छ। अवैध लागुऔषध खैरो हेरोइन एक सय ९४ दशमलव आठ सय ५० ग्राम, नियन्त्रित लागुऔषध पाँच सय तीन एम्पुल एवं मनोनिपक पदार्थ नाइट्रोभेट एक हजार दुई सय ट्याब्लेटसहित उनीहरूलाई पक्राउ गरी अनुसन्धान थालिएको लागुऔषध नियन्त्रण ब्यूरोले जानकारी दिएको छ। पक्राउ परेकामध्ये दुईजना भारतीय कारोबारीसमेत छन्।

विशेष सूचनाका आधारमा प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोद्वारा सञ्चालित प्रहरी कारबाहीका क्रममा उनीहरूलाई पक्राउ गरी लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम कारबाही थालिएको ब्यूरोका प्रहरी उपरीक्षक रामेश्वर कार्कीले बताए। उनका अनुसार उपत्यकाका विभिन्न क्षेत्रबाट पछिल्लो १० दिनको कारबाही अभियानमा उनीहरु पक्राउ परेका हुन्। बूढानीलकण्डबाट मोरङका नवीन धिताल, ललितपुर महालक्ष्मीबाट सप्तरीका परमानन्द मेहता, विकास कार्की, काठमाडौंबाट भारतीय नागरिक विकास कुमार तथा काठमाडौं चाबहिलबाट सुनसरीका सञ्जय लिम्बू र विकास मण्डललाई पक्राउ गरिएको उनले बताए। उनीहरु सबैसँग खैरो हेरोइन बरामद गरिएको हो।

यस्तै नियन्त्रित लागुऔषध नाइट्रोभेट ट्याब्लेट बिक्री गरिरहेको छ भन्ने सूचनाका आधारमा कोटेश्वरस्थित ब्यूरोबाट खटिएको टोलीले काठमाडौंको चन्द्रागिरिबाट धीरजकुमार साह र गोकर्णेश्वरबाट भारतीय नागरिक धीरज कुमार तथा गोकर्णेश्वरबाटै सुरेश तामाङ र छिरिङ तामाङलाई पनि पक्राउ गरिएको ब्यूरोले जानकारी दिएको छ। उनीहरुबाट पनि विभिन्न प्रकारका लागुऔषध बरामद गरिएको छ।

उनीहरुलाई चैत १० गतेयताको १० दिनको अवधिमा खोजतलास गरी पक्राउ गरिएको र सबैजनामाथि अनुसन्धान जारी रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए।

# समुदायको स्वीकृतिमा मात्र 'क्लिनिकल ट्रायल' गर्नुपर्ने

**काठमाडौं/मस**-कुनै पनि रोग विरुद्धको खोप/औषधिको 'क्लिनिकल ट्रायल'सामुदायको स्वीकृत लिएर गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।



नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनामा भएको १०औँ स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको शिखर सम्मेलनमा 'तथ्य र अनुसन्धानमा आधारित क्लिनिकल ट्रायल' विषयक छलफलमा समुदायको स्वीकृति लिएरमात्र 'क्लिनिकल ट्रायल' गर्नुपर्नेमा जोड दिए। औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले क्लिनिकल ट्रायलका लागि मापदण्ड बने पनि प्रभावकारी नभएको बताए। उनले आयुर्वेद औषधिमा पनि 'क्लिनिकल ट्रायल' बनाइरहेको बताए। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका अनुसन्धान विभागका प्रमुख डा.प्रदीप ज्ञवालीले क्लिनिकल ट्रायलका लागि अनुसन्धानलाई अघि बढाउनुपर्नेमा जोड दिए। उनले कोरोना भाइरस महामारीको बेला कोरोनाविरुद्धको खोपका लागि नेपालमा पहिलो 'क्लिनिकल ट्रायल' गरिएको बताए। उनले आफू परिषद्को सदस्यसचिव रहेको बेला 'क्लिनिकल ट्रायल'सम्बन्धी मापदण्ड बनाएको भन्दै त्यसयलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए। अक्सफोर्ड विश्वविद्यालय क्लिनिकल रिसर्च युनिटका नहिदा हकले समुदायको स्वीकृतिमा मात्र क्लिनिकल ट्रायल गनुपर्ने भन्दै क्लिनिकल ट्रायललाई गलत रूपमा प्रयोग गर्न नहुने बताए। परिषद्का इथिकल रिभ्यू बोर्डका डा. दिप्तेश अर्यालले क्लिनिकल ट्रायलसम्बन्धी नयाँ मापदण्ड बने पनि सार्वजनिक नगर्दा क्लिनिकल ट्रायल गर्न समस्या भएको बताए।

# नाबालिकालाई वेश्यावृत्तिमा लगाएको आरोपमा पक्राउ

**काठमाडौं/मस**-नाबालिकालाई वेश्यावृतिमा लगाएको अभियोगमा एक महिला पक्राउ परेकी छन्। तारकेश्वर नगरपालिका-११ हिलेटोलस्थित पशचिम युना खाजाघरकी संचालक सोही टोल बस्ने बर्दिया बाँसगढी नगरपालिका-१ घर भएकी २६ वर्षीया मुनु गुरूङलाई मंगलबार प्रहरीले पक्राउ गरेको हो।उक्त खाजाघरमा नाबालिकाहरूलाई विभिन्न डरत्रास र प्रलोभनमा पारी वेश्यावृतिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले मुनुलाई सोही टोलबाट पक्राउ गरेको हो। साथै उक्त खाजाघरबाट २ जना नाबालिकासहित ७ जना युवतीहरूको प्रहरीले उद्दार समेत गरेको छ।

उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिइ यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## शेखर....

प्रचण्डलाई सत्ताच्युत गर्न चाहन्छन्। यसका लागि एमालेसँग मिलेर संघदेखि प्रदेश सबैतिर सरकार बनाउनुपर्ने उनको मत सार्वजनिक हुँदै आएको छ।

पार्टी नेतृत्वका लागि निरन्तर प्रयास गरिरहेका कांग्रेस नेता डा. शेखर कोइराला अन्तर पार्टी संवादमा छन्। पार्टीमा आफू हावी हुँदै गर्दा एमालेसँग मिलेर माओवादीलाई सत्ताच्युत गर्ने उनको चाहना छिपेको छैन।

कांग्रेसको महाधिवेशन समयमै भए २०८३ सालमा हुन्छ। पार्टी नेतृत्वमा आफू पुग्न उनले महाधिवेशन केन्द्रित गतिविधि गर्दै आएका छन्। गत महाधिवेशनमा शेरबहादुर देउवासँग सभापतिमा पराजित भएका उनी आफ्नो मत अनुसारको भाग पार्टीसत्ता र राज्य सत्तामा लिन सफल देखिन्छन्। विस्तारै पार्टीमा सभापति देउवालाई गलाएर नेतृत्व लिने र आफू नेतृत्वमा पुग्दै गर्दा माओवादीलाई सत्ताच्युत गर्ने कोइरालाको चाहना रहेको नेताहरु बताउँछन्।

नेताहरुका अनुसार कोइराला तत्कालका लागि एमालेसँग मिलेर अगाडि बढ्न चाहन्छन्। यसो गर्दा २०८४ को चुनावमा माओवादी कतै नमिल्ने र एक्ला एक्लै चुनाव हुने अवस्था बन्दा माओवादी खुम्चने र दुई ठूला पार्टीहरु मात्रै मुलुकमा रहने डा.कोइरालाको बुझाई रहेको छ।

सार्वजनिक रुपमा पनि उनले कांग्रेसले एक्लै चुनाव लड्ने र बहुमत ल्याउने वातावरण बनाउने दाबी गर्दै आएका छन्। सभापतिमा दाबी गर्दै आएका कोइरालाले पार्टीका नेता/कार्यकर्तालाई एक्लै चुनाव लडेर बहुमत ल्याउन सक्ने अवस्थामा नपुऱ्याएसम्म आफ्नो यात्रा नरोकिने समेत बताउने गरेका छन्।

## ठमेल...

बढि व्यवसायी छन। दरबारमार्ग विकास बोर्डका संयोजक सञ्जय अधिकारी भन्छन्, 'हामी १२ वर्ष देखि चोबिसै घण्टा खुलाउने पक्षमा थियौ तर ढिलै भएपनि खुल्ने भएको छ।' यी दुई स्थानमा परिक्षणपछि देशका अन्य सम्भावित स्थानमा समेत खोल्नुपर्न उनको मत छ। अधिकारी थप्छन्, 'सानो देश नेपाल चौबिसै घण्टा खुल्छ भनेर विश्वभर सन्देश दिने वातावरण बनाउने हो भने नेपालको अर्थतन्त्रमा ठुलो योगदान हुनेछ।'

दरवारमार्गमा सडक छेउमा दिनमा पार्किङ निषेध भएपनि रात्रीकालीन समयमा भने राख्ने पाइने छ। हाल दरबारमार्गमा करिब दुई सय जना व्यवसायी छन भने ८ हजारले रोजगारीले पाएका छन। नेपाल आउने पर्यटकमध्ये ८० प्रतिशत पर्यटक ठमेल पुग्ने भएकोले राती समेत खुला हुँदा पर्यटकीय गतिविधी बढ्ने अपेक्षा व्यवसायीहरुको छ।

## युरोप...

मनोहरा बस्ने केदार चौधरीलाई पक्राउ गरेको थियो। चौधरीले सुमन राईसमेत ३५ जनालाई वैदेशिक रोजगारका लागि बेलायत पठाइदिन्छु भनि प्रतिव्यक्ति ९ लाखदेखि २० लाख रुपैयाँ उठाएर भारतका विभिन्न स्थानमा पुऱ्याउने र नेपाल फर्काउने गरेको प्रहरीले बताएको छ। उनले एक्सपर्ट कन्सल्ट्यान्सी खोलेर कतिपयलाई अजरबैजानसम्म पुऱ्याइ रकम असुली गरेको पाइएको पनि प्रहरीको भनाइ छ। यसको केही दिनअघि यस्तै ठूलो अंकको वैदेशिक रोजगार ठगीमा विकास बाइवा भन्ने सुजन तामाङ र अर्जुन तामाङ भन्ने कर्मा तामाङ पक्राउ परेका थिए।

उनीहरुले पनि युरोपेली मुलुकको वैदेशिक रोजगारीको नाममा तीन सय ३७ जनाको ५ करोड ५० लाखभन्दा बढी रकम ठगी गरेको मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता भएको थियो। तामाङद्वयले पनि युरो विइङ्स एजुकेसन कन्सल्ट्यान्सी नामको संस्थाको आडमा वैदेशिक रोजगारीमा माल्टा, क्रोएसिया, क्यानडा, पोल्याण्डलगायत देशमा पठाइदिन्छौं भन्दै झुटो प्रलोभन दिएर उक्त रकम ठगी गरेको प्रहरीले बताएको छ।

सार्वजनिक विवरणले परम्परागत श्रम गन्तव्य मुलुक खाडी र मलेसिया भन्दा युरोप र क्यानडाको रोजगारीको नाममा भइरहेको ठगी गम्भीर रहेको, तर नियन्त्रण गर्न सरकार असफल भएको कतिपयको भनाइ छ।

वैदेशिक रोजगार विभागका सूचना अधिकारी कविराज उप्रेतीले चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा क्यानडा पठाइदिने भनेर मात्रै ठगी गरेको दाबीसहित विभागमा १ सय १३ वटा उजुरी दर्ता भएको सार्वजनिक गरेका छन्। उजुरीकर्तामध्ये अधिकांशले व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा पठाइदिने भन्दै आफूहरुबाट रकम लिएको दाबी गरेका छन्। नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाँल युरोप, अमेरिका र क्यानडाका नाममा ठगी सँगसँगै मानव तस्करी पनि बढेको बताउँछन्।

मानव तस्करीमा पीडितको पनि संलग्नता हुने गरेको छ। ठूलो रकमको ठगीका घटना बढ्नुमा अनुसन्धान वा मुद्दा दर्ता भएपनि मुद्दा विचाराधीन रहेको अवस्थामा पीडित र पीडकबीच मेलमिलाप हुने कानूनी व्यवस्था पनि सहयोगी बनेको कतिपय बताउँछन्। शुरुमा थुनामा परेपनि मुद्दा चल्दाचल्दैको अवस्थामा रकम फर्काए छुट्न पाइने भएपछि ठगी बढेको उनीहरुको भनाइ छ।

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

**आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना**

**चौथौं पटक प्रकाशित मितिः २०८०।१२।३०**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा, | गिट्टी | बालुवा | | | |
| १. | 03/BELAKA/ REVENUE/NCB/ GO/2080-081 | यशोदा खोला (वडा नं. ३ र ९) र मुर्ति खोला (वडा नं. ३ र ६) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ७७००.०० | ५०००.०० | ८००.०० | ३३,०९,४८४.०० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |

**शर्तहरुः**

१. चौथौं पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (सार्वजनिक बिदा भए कार्यालय खुलेको दिन) १२.०० बजेसम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

३. बोलपत्र फारमसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na. Pa– Dharauti Khata Ga–3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ।

४. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।

५. कार्यालयले तोकेको बाकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# शिक्षामन्त्री सुमनाको सत्प्रयासमा गगनको साथ




**काठमाडौं/मस**–नेपाली कांग्रेसका महामन्त्री तथा पूर्व स्वास्थ्यमन्त्री गगनकुमार थापाले चिकित्सा शिक्षा सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न शिक्षा मन्त्रीलाई आफूले सघाउने बताएका छन् ।

शिक्षामन्त्री सुमना श्रेष्ठले प्रतिवेदन सार्वजनिक गरिदिएकोप्रति धन्यवाद ज्ञापन गर्दै उनले प्रतिवेदन कार्यान्वयन हुनेमा विश्वास पनि व्यक्त गरेका छन् । पूर्व स्वास्थ्यमन्त्री थापाले प्रतिवेदनमा उल्लेख गरिएका कतिपय सुझाव कार्यान्वयनमा आएको र कतिपय सुझाव अझै पनि कार्यान्वयनमा आउन बाँकी नै रहेकाले तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

सामाजिक सञ्जालहरूबाट प्रतिक्रिया दिँदै उनले दोषीलाई कुनै पनि बहानामा उम्किन नदिन पनि अनुरोध गरेका छन् ।

महामन्त्री थापाले लेखेका छन्,'चिकित्सा शिक्षा सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने कार्यका लागि शिक्षा मन्त्रीज्यूलाई धन्यवाद !' आयोग बन्ने तर प्रतिवेदन सार्वजनिक नहुने अनि कार्यान्वयन त हुँदै नहुने प्रवृत्तिमा बिचमा प्रतिवेदन सार्वजनिक गर्नु नै आफैँमा सकारात्मक रहेको उनको भनाइ छ। महामन्त्री थापाले प्रतिवेदनले उजागर गरेका सम्बन्धन, भर्ना, सिट, शुल्क लगायतका कतिपय विषयमा चिकित्सा शिक्षा ऐन नै बनेर आयोगमार्फत कार्यान्वयनको चरणमा रहेको र त्यसलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।

'प्रतिवेदनले आधार र कारण खुलाएरै जसजसलाई कारवाहीको सिफारिस गरेको छ, त्यो सिफारिस कार्यान्वयनको दिशामा अगाडि बढ्छ भन्ने विश्वास छ र यो सत्प्रयासमा हाम्रो साथ पनि रहने प्रतिबद्धता छ' पूर्व स्वास्थ्य मन्त्री थापाले लेखेका छन् ।

# एघार विशिष्ट स्रष्टालाई 'प्रज्ञा पुरस्कार–२०८०' अर्पण




**काठमाडौं/मस**–नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको अध्यक्षतामा आयोजित एक समारोहबीच ११ जना विशिष्ट स्रष्टाहरूलाई जनही एक लाख रुपैयाँ राशिको 'प्रज्ञा पुरस्कार-२०८०' अर्पण गरिएको छ ।

कुलपति राईले खगेन्द्र संग्रौलालाई प्रज्ञा अनुवाद पुरस्कार, मोहनविक्रम सिंहलाई प्रज्ञा दर्शन पुरस्कार, शान्ता श्रेष्ठलाई प्रज्ञा सामाजिकशास्त्र पुरस्कार, घनश्याम शर्मा पौडेललाई प्रज्ञा संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास पुरस्कार, कृष्ण गौतमलाई प्रज्ञा समालोचना तथा साहित्येतिहास पुरस्कार, प्रा.डा.देवीप्रसाद गौतमलाई प्रज्ञा भाषा पुरस्कार, बम देवानलाई प्रज्ञा साहित्य पुरस्कार (पद्य), राजवलाई प्रज्ञा साहित्य पुरस्कार (गद्य),गंगा कर्माचार्यलाई प्रज्ञा बाल पुरस्कार, प्रज्ञा मातृभाषा साहित्य (हिमाली/पहाडी) पुरस्कार डा.योगेन्द्र प्रधान र पदम विश्वकर्मालाई प्रज्ञा अन्तर्देशीय पुरस्कार अर्पण गरेका थिए ।

प्रज्ञा मातृभाषा पुरस्कार (तराई/मधेस) बाट बेचन उराँव अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा गत महिना धरानमा आयोजित कार्यक्रममा पुरस्कृत भइसकेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति राईले विशिष्ट स्रष्टाहरूलाई पुरस्कृत गर्न पाउँदा आफू गौरवान्वित रहेको चर्चा गर्दै प्रज्ञा-प्रतिष्ठानलाई सबैको साझा थलोको रूपमा आफूले अघि बढाउने बताए। यसै क्रममा उनले समाजले उत्पादन गरेको ज्ञानबारे बहस गर्दै प्रतिष्ठानले प्रतिपक्ष र विरोधी चेतनालाई समेत समेट्ने बताए । यसैगरी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले स्वागत मनतव्य र सदस्य सचिव डा.धनप्रसाद सुवेदीले कार्यक्रमको सञ्चालन गरेका थिए। कार्यक्रममा प्रज्ञा पुरस्कारबाट पुरस्कृत स्रष्टा व्यक्तित्वहरूले समेत आ-आफ्नो मन्तव्य राखेका थिए ।

# पर्यापर्यटन कार्यक्रमअन्तर्गत पर्यटन पार्क निर्माण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २९ चैत

जिल्ला वन डिभिजन कार्यालय रुकुम पश्चिम अन्तर्गत चयँरी सामुदायिक वन उपभोक्ता समूह मुसिकोट नगरपालिका वडा नं ७ ले उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजनाबमोजिम सामुदायिक वनमा पर्यापर्यटन पार्क निर्माण गरेको छ ।

उक्त वनको क्षेत्र (०.१ हे.) मा स्व. तिर्थ स्मृति पर्यटन पार्क निर्माण गरिएको वन डिभिजन कार्यलय रुकुम पश्चिमका कार्यालय प्रमुख शेरबहादुर परियारले बताए । उक्त पर्यटन पार्क वन नियमावली २०७९ को नियम ५२ बमोजिमको प्रावधान अन्तर्गत निर्माण कार्य अन्तिम चरणमा रहेको कार्यालय प्रमुख परियारको भनाइ छ ।

सामुदायिक वनमा पर्यापर्यटन सञ्जालन समेतका लागि तयार गरेको वन कार्ययोजना डिभिजन वन कार्यालय रुकुम पश्चिमबाट २०८० असार महिनामा स्वीकृत गरिएको थियो । पार्क निर्माण कार्य सम्पन्न भएपश्चात स्वीकृत कार्ययोजनाबमोजिम सामुदायिक वन उपभोक्ता समूहले उक्त पार्क सञ्चालन गर्ने बताएको छ ।

# कालिकामाई मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा कलश यात्रा

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २९ चैत

पर्साको कालिकामाई गाउँपालिकामा नवनिर्मित कालिकामाई मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा विशाल कलश यात्रा निकालिएको छ । कालिकामाई मन्दिर प्राङ्गणबाट एक हजार बढीको संख्यामा कन्या कुमारीहरुले जलयात्रामा सहभागी जनाएका थिए ।

कालिकामाई मन्दिरबाट बाजागाजासहित निकालिएको कलश यात्रा वीरंचिवर्वा, कटीबलुवा, पशुरामपुर, भेडिहारी, टिनडोविया, रविदास, मुडली गाउँ परिक्रमा गर्दै सिकटा नदीको हनुमान मन्दिर नजिक पुजापाठ गरी जलभरेर हरिहरपुर बिर्ता हुँदै कालिकामाई मन्दिर स्थलमा पुगेर कन्या कुमारीहरुले कलश राखेका थिए। कालिकामाई गाउँपालिकाको नामाकरण कालिकामाईको नाममा गरिएकाले मन्दिरको संरचना पुरानै रहेकाले गाउँपालिकाको सहयोगमा मन्दिरको निर्माण गरी सो नवनिर्मित कालिकामाई मन्दिरमा प्राण प्रतिष्ठा गर्ने गरिएको गाउँपालिका अध्यक्ष बशिष्ट कुमार गुप्ताले बताए ।

कलश जल यात्रामा उर्जा सिंचाइ तथा खानेपानी मन्त्री सिंगासन साह कलवार, विशिष्ट अतिथि धोबिनी गाउँपालिकाका मदन चौहान, कालिकामाई गाउँपालिका अध्यक्ष बशिष्ट कुमार गुप्ता, उपाध्यक्ष राजमतीदेवी बरइन, नेपाली कांग्रेसका नेता राधाकृष्ण चौरसिया, स्थानीय समाजसेवी पप्पु खाँव, वडाअध्यक्ष लालबाबु चौरसिया, जयनारायण प्रसाद, संजय पटेल, सोनालाल चौरसिया, संजय साह गोढ, सशस्त्र प्रहरी बल खेसराहाका डीएसपी प्रेमबहादुर कठाय, मन्त्रीका स्वकिय सचिव सचिन कुमार सिं र नेता माओ कुशवाहा लगायतको उपस्थिति रहेको थियो ।

नवनिर्मित कालिकामाई मन्दिरको प्राण प्रतिष्ठामा चैत ३० गतेदेखि २४ घण्टा अष्ठयाम हुने, वैशाख १ गते अष्ठयामको पूर्णावती, वैशाख २ गते मन्दिरमा प्राणप्रतिष्ठा गरी कालिकामाईको मूर्ति स्थापना गर्ने, वैशाख ३ गते भारत सितामढीको झाकी कार्यक्रम, वैशाख ४ गते नेपालका भोजपुरी गायक सुनील पंडित समेतको कलाकारहरु आउने र वैशाख ५ गते नवमीको दिन कालिकामाई मन्दिरमा पूजापाठ गरिने पूजा समितिका संयोजक वडा अध्यक्ष संजय पटेंलले जानकारी दिए ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
वि.सं.: २०२५/०७/१८

स्वर्गारोहण
वि.सं.: २०८०/१२/२३

स्व. मणिकुमार गुरुङ

नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिं समाजका सदस्य एवं जि.आर. मेनपावर सर्भिस प्रा.लि.का संचालक **मणिकुमार गुरुङ**को ५५ वर्षको उमेरमा हृदयघातका कारण भएको असामयिक निधनले नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिं समाज परिवार अत्यन्त मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै स्वर्गीय गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै, शोक सन्तप्त परिवारजनमा नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिं समाजको तर्फबाट बुद्ध भगवान्ले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दछौं ।

तिर्थबहादुर गुरुङ
अध्यक्ष तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिं समाज, परिवार

# कृषि विद्युतीकरणका लागि बरहथवा नगरपालिका र प्राधिकरणबीच सम्झौता



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २९ चैत

सर्लाहीको बरहथवा नगरपालिकाले कृषि विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रसँग सम्झौता गरेको छ ।

किसानको खेतखेतमा विद्युतीकरण गरेर सिंचाइ सुविधा पुऱ्याउने र बिजुलीको सबै महशुल नगरपालिकाले तिरिदिने गरी सम्झौता भएको हो । कृषि विद्युतीकरणका लागि बुधबार नगरपालिका कार्यालयले प्राधिकरणलाई ७४ लाख ७५ हजार रुपैयाँको चेक हस्तान्तरण गरेको छ ।

नगरप्रमुख कल्पनाकुमारी कट्वाल र प्रमुख प्रशासकीय अधिकृत ऋद्धि प्रकाश सिटौलाले वितरण केन्द्र प्रमुख दिगम्बर यादवलाई उक्त चेक हस्तान्तरण गरेका छन् । वितरण केन्द्र प्रमुख यादवले अब तत्कालै नगरपालिकाले भने बमोजिमको क्षेत्रमा पोल गाडेर तार टाङ्ने काम शुरु गर्ने बताए ।

पहिलो चरणमा २ करोडको योजना अन्तर्गत कृषि विद्युतीकरण गर्न लागिएको हो । नगरपालिकाले ८० प्रतिसत र प्राधिकरणले २० प्रतिसत बेहोर्ने गरी कृषि विद्युतीकरण गर्ने सहमती भएको छ ।

नगरप्रमुख कटुवालले अधिकांश नगरवासी कृषि पेशामा आवद्ध रहेका र उनीहरुलाई निःशुल्क सिंचाइका लागि बिजुली उपलब्ध गराइ कृषि पेशामा सहुलियत दिने तथा थप आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम अघि बढाइएको बताइन् ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOYOTA AUTO BODY (MALAYSIA) SDN BHD    शहर : SELANGOR
पूर्व स्वीकृत मितिः २०८०/१२/२८    चलानी नं.:६०२१८१९९    L.T. No.: 303401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/५९

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: WHITE STONE TRADE MARBLE & STONE    शहर: DOHA
पुर्व स्वीकृत मितिः २०८०/०१/३१    चलानी नं.: ६०२०१३९०    LT. No.: 285929    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३८३७०२०, ९८२३४८६६८२
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SAMI MOHAMMED AL-BATI AND PARTNERS COMPANY    शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/१२/२८    चलानी नं.: ६०२१८२०७    LT. No.: 303346

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 28 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SAMI BIN MOHAMMED BIN ABDUL RAHMAN AL BUTTI MAINTENANCE AND CLEANING ESTABLISHMENT    शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/१२/२८    चलानी नं.: ६०२१८२०९    LT. No.: 303347

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 26 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Nepal HR Solution Pvt. Ltd.
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

## CROATIA मा रोजगारको अवसर

कम्पनी : AB SUPPORT D.O.O    शहर : CROATIA
पूर्व स्वीकृत मितिः २०७९/०२/१२    चलानी नं.: ६०१७९८६१    LT. No.: 263716    पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Mechanic | 25 | 0 | सम्बन्धित काममा दक्ष | 600 | ८६,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BUTCHER | 1 | 0 | | 500 | ७२,१३० | | | | | | | |
| 3. | CARPENTER GYPSUM | 1 | 0 | | 550 | ७९,३४३ | | | | | | | |
| 4. | Cook & Chef | 0 | 50 | | 600 | ८६,५५६ | | | | | | | |
| 5. | MASON | 1 | 0 | | 500 | ७२,१३० | | | | | | | |
| 6. | Tailor | 0 | 71 | | 500 | ७२,१३० | | | | | | | |
| 7. | Truck Driver | 35 | 0 | | 700 | १००,९८२ | | | | | | | |
| 8. | Waitress | 0 | 30 | | 500 | ७२,१३० | | | | | | | |

अन्तर्वार्ता युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरिएन्टेसन सेन्टर, काठमाडौंमा २०८१ बैशाख ७, ८ र ९ गतेसम्म (19, 20 & 21 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. २५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Himalayan Valley Nepal Pvt. Ltd.
Pingalasthan, Kathmandu | Tel.: 01-4110453 , 01-4110403
Email: hvnepal2023@gmail.com/ info@hvnepal.com
Govt. Lic. No. 1526/074/075

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

३० चैत २०८०, शुक्रबार
12 April 2024, Friday

## सम्पादकीय

# एसईईमा गयल विद्यार्थी खोजियोस्

यस वर्षको माध्यमिक शिक्षा (एसईई)को परीक्षा सम्पन्न भएको छ। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयका अनुसार यही चैत १५ गतेबाट सुरू भएको एसईई परीक्षामा सहभागी हुन पाँच लाख चार हजार विद्यार्थीले फाराम भरेका थिए। तर, चार लाख ७५ हजारले मात्रै प्रवेशपत्र लिए। प्रवेशपत्र लिएकाहरूमध्ये पनि आठ हजार जनाभन्दा बढी परीक्षामा अनुपस्थित रहे। परीक्षामा देशभरबाट चार लाख ६७ हजार मात्रै उपस्थित रहेको राष्ट्रिय परीक्षा बोर्डको तथ्याङ्क छ अर्थात् एसईईमा सहभागी हुन फाराम भरेका ३७ हजारभन्दा बढी विद्यार्थीले परीक्षा नै दिएनन्।

राष्ट्रिय परीक्षा बोर्डका अधिकारीहरूका अनुसार विद्यार्थी घट्नुका कारणहरू छन्। एसईईमा सहभागी हुने विद्यार्थीले कक्षा नौ मा रजिस्ट्रेसन फाराम भर्नुपर्छ। त्यसरी फाराम भरेकामध्ये केही विद्यार्थी कक्षा नौ को वार्षिक परीक्षा नतिजामा चित्त बुझेन भने सोही कक्षा दोहोऱ्याउन सक्छन्। यसकारण एसईईमा सहभागी हुने तथ्याङ्क केही घट्छ। कतिपय निजी विद्यालयले कमजोर नतिजा भएका विद्यार्थीलाई आफैँ कक्षा नौ मा दोहोऱ्याउन लगाउँछन्। यसले पनि पनि केही संख्या घटाउँछ। तर, यी दुई कारणले मात्रै ३७ हजार विद्यार्थी परीक्षामा सहभागी नभएका हुन भन्ने निष्कर्षमा राष्ट्रिय परीक्षा बोर्ड पुग्न सक्दैन।

कतिपय विद्यार्थी कक्षा १० सम्म पुग्दा आफैँ पढाइ छाड्छन्। केहीले आर्थिक अभावका कारण पनि पढाइ छाडेका हुन सक्छन्। तर, फारम भरेर परीक्षा दिन नजानुको कारण के हो ? सरकारसँग यसको जवाफ छैन। ३७ हजार विद्यार्थी आफैँ परीक्षामा अनुपस्थित भए वा आर्थिक अभावमा परे यसको खोजी कसले गर्ने ? यसको जवाफ खोज्न राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा मन्त्रालय वा सरकार आफैँ अग्रसर हुनुपर्छ।

शिक्षा नै देश विकासको मेरूदण्ड हो। यो मान्यतालाई आत्मसाथ गर्दै संविधानले प्रत्येक बालबालिकाले कम्तीमा पनि प्राथमिक तहसम्मको शिक्षा पाउनु उसको नैसर्गिक अधिकारका रूपमा लिपिबद्ध गरेको छ। अनिवार्य र निःशुल्क भनिएको शिक्षा प्राप्तीका लागि पैसाको अभावको कारण देखाइन्छ वा यस्तो निचोड निस्कन्छ भने यो राज्यमाथिकै गम्भीर प्रश्न हो। संविधान बनाएर संवैधानिकरूपमा स्थापित गरेको अधिकार विद्यार्थीलाई समेत दिन सक्दैन भने राज्यको उपस्थिति केका लागि भन्ने प्रश्न उब्जिन्छ। यसको जवाफ फेरि पनि राज्यले दिनुपर्ने हुन्छ। यसतर्फ सरकारको ध्यान जाओस्। एसईई परीक्षामा ३७ हवार विद्यार्थी गयल किन भए खोजियोस्।

# सहुलियतपूर्ण कर्जाको योगदान छायाँमा

अग्रलेख



● डा. दिबाकर बशिष्ठ

सहुलियतपूर्ण कर्जा भनेको कृषि तथा पशुपंक्षीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न दिइने कर्जा हो। विदेशबाट फर्केका युवा र शिक्षित बेरोजगार युवालाई मुलुकभित्र रोजगार दिनको लागि, विदेशबाट फर्केका युवाले विदेशमा आर्जन गरेको सीप र व्यवसायिक क्षमता र दक्षतालाई उपयोग गर्न प्रोत्साहन दिई उनीहरूमा उद्यमशीलताको विकास गर्न, आर्थिकरूपमा विपन्न सीमान्तकृत समुदाय तथा लक्षितवर्गका विद्यार्थीहरूलाई उच्च व्यवसायिक तथा प्राविधिक शिक्षा अध्ययनका लागि र भूकम्प पीडितहरूको निजी आवास निर्माणका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा नेपाल सरकारबाट व्याज अनुदान सुविधा उपलब्ध हुने गरी प्रवाह हुने कर्जालाई सहुलियतपूर्ण कर्जा भन्ने गरिन्छ। विदेशमा प्राप्त गरेको युवाहरूको सीप र ज्ञानलाई कृषि क्षेत्र, औद्यौगिक क्षेत्र, साना तथा घरेलु उद्योगको विकासमा लगाउने हो भने रोजगारीको सिर्जना पनि अवश्य हुने कुरामा कसैको विमति नहोला। सरकारले बैंक तथा वित्तीय संस्थालाई सहुलियत कर्जा वापतको व्याज अनुदान विगत १८ महिनादेखि रु १३ अर्ब दिएको छैन भन्ने समाचार बाहिर आउनु गरिबी निवारण र गरीब किसानको लागि दुःखद खबरको साथै यो कर्जा छायाँमा पर्नु सरह हो।

उत्पादन अभिवृद्धि, आन्तरिक रोजगारी, उद्यमशीलता जस्ता क्षेत्रमा जाने कर्जा व्याज अनुदानको सोध भर्ना नभएको कारण देखाउँदै रोकिएको जनाएका छन्। व्याज अनुदान नपाएपछि ब्याजदर पनि ग्राहकले बढी तिर्नु पर्दा पछिल्लो समय किसान र साना उद्यमी थप मारमा परेको देखिन्छ। बैंक तथा वित्तीय संस्थाले सरकारले लागु गरेको कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सरकारकै निर्देशनमा व्याज अनुदानसहितको कर्जा प्रवाह गरेका हुन्। यसको भुक्तानीमा ढिलाई हुँदा वा रोकिँदा भोलिका दिनमा सरकार र बैंकिङ क्षेत्रप्रति जनसाधारणको विश्वासमा कमी आउने देखिन्छ। स्मरण रहोस् उत्पादन अभिवृद्धि, आन्तरिक रोजगार प्रवर्द्धन र उद्यमशीलताको विकासको लागि भन्दै सरकारले २०७५ साल कार्तिक २० देखि व्याज अनुदानसहितको सहुलियत पूर्ण कार्यक्रम सुरु गरेको थियो। यो स्वेच्छिक नभइ बैंकले अनिवार्य लगानी गर्नु पर्ने कार्यक्रम हो। कृषि तथा पशुपंक्षी, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय, प्राविधिक तथा व्यवसायिक शिक्षा, भूकम्प पीडितको आवास निर्माण परियोजनालगायत कर्जामा सरकारले व्याज अनुदान दिँदै आएको थियो।

सहुलियतपूर्ण कर्जातर्फ हेर्दा नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०८० माघ मसान्तमा एक लाख ३२ हजार सात सय छ ऋणीलाई प्रवाह भएको रु. १५४ अर्ब ४३ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ। यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जाअन्तर्गत ५२ हजार पाँच सय ७४ ऋणीलाई प्रवाह भएको रु. १०४ अर्ब ६० करोड कर्जा बक्यौता रहेको छ भने महिला उद्यमशील कर्जाअन्तर्गत ७७ हजार छ सय दुई महिला उद्यमीलाई प्रवाह भएको रु. ४७ अर्ब ७३ करोड कर्जा बक्यौता रहेको छ। सहुलियतपूर्ण कर्जाका अन्य शीर्षकअन्तर्गत दुई हजार पाँच सय ३० ऋणीको रु. दुई अर्ब १० करोड कर्जा रहेको हुँदा यो किन लक्षित वर्गमा उपयोग हुन सकेन र समयमा असुल हुन सकेन भन्नेतर्फ आवश्यक अनुसन्धान हुन जरुरी छ।

एक त हाल अन्तराष्ट्रिय एवम् राष्ट्रिय आर्थिक मन्दीलगायत कोभिड १९ समेतको असरले भाखा नाघेको कर्जा दिनहुँ बढिरहेको छ। यस्तो अवस्थामा बक्यौता थपिँदै जाँदा बैंकिङ क्षेत्रमा कर्जा असुलीको चुनौति भने यथावत देखिन्छ। कर्जा असुलीमा अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारीरूपमा अगाडि बढाउनु पर्ने देखिन्छ। नेपाली अर्थतन्त्रको विशेषताभित्र पर्ने आमगरिबी, कृषिमा आधारित अर्थतन्त्र, उच्च बेरोजगारीलगायतका समस्या समाधान गर्न शिक्षित बेरोजगार र विदेशबाट फर्केका युवाहरूलाई सहुलियतपूर्ण कर्जामार्फत रोजगारीमूलक कार्यमा अभिप्रेरित गर्नको लागि यो कर्जा कोसेढुंगा सावित भएको छ।

२०७९/०८० को आर्थिक सर्वेक्षणअनुसार गरिबीको रेखामुनि रहेको जनसंख्या १५.१ प्रतिशत उल्लेख गरिएता पनि वास्तविक रूपमा करिब १९ देखि २० प्रतिशत जनता अझै पनि गरिबीको रेखामुनि रहेका छन्। कुल




> *सहुलियतपूर्ण कर्जा अर्थतन्त्रको दीगो विकासका लागि निकै महत्वपूर्ण छ। ब्याजदर पनि सस्तो, सामूहिक जमानीमा साथै, शैक्षिक प्रमाणपत्रका आधारमा पनि ऋण पाइने भएको हुँदा यस कर्जाले अर्थव्यवस्थाका सबै क्षेत्रलाई समेट्न सक्छ। यसले एकातिर अर्थतन्त्रलाई सकारात्मक दिशातिर गतिशील बनाउन सक्छ भने अर्कोतिर रोजगारी उत्साहजनकरूपमा बढाउन भूमिका खेल्न सक्छ।*

गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान २४.६ प्रतिशत रहेको देखिन्छ। सहुलियतपूर्ण कर्जाको लक्ष्य पनि प्राथमिक क्षेत्रमा पर्ने साना तथा मझौला उद्योग, कृषि, मत्स्यपालनलगायत पर्दछन्। आर्थिक वर्ष २०८०/०८१ को बजेटअनुसार आर्थिक वृद्धिको लक्ष्य छ प्रतिशत रहेता पनि दुई दशमलब १६ प्रतिशतमा चित्त बुझाउन परेको घटना ताजै छ। विगत ३० वर्षअघि कुल जनाको ९० प्रतिशत जनता कृषिमा आधारित थिए भने हाल यो संख्या घटेर ५०.०४ प्रतिशत रहेको हुँदा समग्र कृषि क्षेत्रको विकासमा समेत यो कर्जाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना र एक गाउँ, एक उत्पादन कार्यक्रमलाई समेत सहुलियतपूर्ण कर्जाले ठूलो योगदान पुऱ्याएको देखिन्छ। व्याज अनुदान पाउने सहुलियतपूर्ण कर्जा बाहेक पनि देशमा रोजगारीको र कृषि क्षेत्रको विकासको लागि विपन्न वर्गमा वार्षिक कुल कर्जाको पाँच प्रतिशत लगानी गर्नुपर्ने, कृषि कर्जामा १० देखि १५ प्रतिशतसम्म क्रमिकरूपमा लगानी गर्नुपर्ने, हाइड्रो र पर्यटन मा पाँच दशमलव पाँच प्रतिशत गरी निर्देशित कर्जामा कुल कर्जा लगानीको २५ प्रतिशत प्रवाह गर्नुपर्ने अन्यथा तोकिएको लक्ष्य पुऱ्याउन सकेन भने नेपाल राष्ट्र बैंकलाई पेनाल्टी तिर्नुपर्ने प्रावधान यथावत छ।

स्वदेशमा रोजगारको अभावले आज विदेशमा कामको खोजीमा जानेहरूको लर्को लागेको छ। त्यस्तै वैदेशिक रोजगारमा गएका मानिस अलपत्र पर्ने, काम नपाउने, सम्झौता बमोजिमको काम नपाउनु, श्रमशोषणमा पर्ने, यौनदुर्व्यवहार, आर्थिक शोषण, रोजगारीको क्रममा ज्यान गुमाउने आदि पछिल्लो समय बढ्दै गएको देखिन्छ। तसर्थ, रोजगारीको वैकल्पिक उपाय खोज्न ढिला भइसकेको छ। वैकल्पिक उपायको रूपमा सहुलियतपूर्ण कर्जाको सदुपयोग हुन सकेमा मात्र पनि मुलुकको आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ। यसको लागि सहुलियतपूर्ण कर्जाको माध्यमबाट सीपयुक्त जनशक्तिको विकास गर्ने, औद्योगिक, कृषि, पर्यटन र जलस्रोतको विकास गरी स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, उद्यमशीलताको विकास गर्ने, अन्तराष्ट्रिय बजार सुहाउँदो श्रम शक्तिको विकास गर्ने, व्यवसायिक तालिमलाई जोड दिने, सीमान्तकृत वर्गको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहुँच बढाउने, महिलालाई आत्मनिर्भर बनाउन बैंकहरूले निकासीजन्य उद्योग र कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने, आन्तरिक उत्पादन बढाई निर्यात बढाउने, भौगोलिक बनावटअनुरूपको विकास नीति बनाई स्वदेशमा नै योग्यता र दक्षताको आधारमा रोजगारी दिलाइ युवा पलायनलगायत ब्रेन ड्रेनको समस्या हल गर्नुपर्दछ भन्नेहरूको मत बलियो हुँदै गएको छ। त्यस्तै, नेपालको उत्पादकत्व घट्दै गएको, विदेशी संस्कृतिको प्रभाव बढ्दै गएको, स्वदेशमा रहेका आश्रित परिवारको काम गर्ने जाँगर र जोसमा ह्रास देखिएको, पारिवारिक सम्बन्ध विच्छेद र कलह बढ्दै गएको, घडेरी कारोबारमा वृद्धि भई सहर केन्द्रित हुँदा ग्रामीण अर्थतन्त्र कमजोर भएको, सोधानान्तर स्थितिमा बाह्य प्रभाव बढेको लगायतका कारण सबैको मानसपटलमा नेपालको समग्र अर्थव्यवस्था कमजोर भएको हुँदा सहुलियतपूर्ण कर्जा गरिबी निवारणको कोसेढुंगा भएको बन्न सक्छ।

सहुलियतपूर्ण कर्जा प्राप्त गर्नको लागि नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त वित्तीय संस्थामा निवेदन दिनु पर्दछ। यस कर्जा सम्बन्धी एकीकृत कार्यविधि, २०७५ समेत कार्यान्वयनमा आएको यस कार्यविधिको अनुसूची १ अनुसारको व्यवसायको लागि यो सहुलियत उपलब्ध हुने व्यवस्था छ। जसमा व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, वैदेशिक रोजगारबाट फर्केका युवा स्वरोजगार कर्जा, महिला उद्यमशीलता कर्जा, कृषि व्यवसाय, उद्योग व्यवसाय कर्जा, सेवा व्यवसायिक कर्जा र उद्योग व्यवसाय कर्जाअन्तर्गत विभिन्न शीर्षक तथा उपशीर्षकमा कर्जा पाउने व्यवस्था रहेको देखिन्छ। व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जामा ऋण स्वरूप पाँच करोड प्राप्त गर्न सकिने, शिक्षित युवा स्वरोजगार कर्जा सात लाख पाउन सकिने, विदेशबाट फर्केका युवा स्वरोजगार कर्जा १० लाखसम्म, महिला उद्यमशीलता कर्जा १५ लाखसम्म, दलित समुदाय व्यवसायिक कर्जा १० लाखसम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा पाँच लाख र भूकम्प पीडितहरूको निजी आवास कर्जा तीन लाखसम्मको व्यवस्था रहेको छ।

सहुलियतपूर्ण कर्जा प्राप्त गर्न विभिन्न शर्तहरू तोकिएको छ, जुन पूरा गर्न हम्मे-हम्मे देखिन्छ। यो कर्जा एक वैकल्पिक उपाय हो, जसले अर्थतन्त्र धराशायी नभई दीर्घकालीनरूपमा दिगो आर्थिक विकास हुने देखिन्छ। सहुलियतपूर्ण कर्जाले अर्थव्यवस्थाका सबै क्षेत्र र समुदाय समेटेको र ब्याजदर पनि सस्तो, सामूहिक जमानीमा पनि सीमित ऋण पाइने, शैक्षिक प्रमाणपत्रको समेत प्रयोगमा ऋण पाइने जस्ता महत्वपूर्ण प्रावधान भएको हुँदा रोजगारी बढाउन उत्साहजनक भूमिका खेल्ने हुँदा यसको सोधभर्नामा ढिला गर्नु हुँदैन भन्ने कुरामा कसैको दुई मत नहोला।

**(लेखक डा. बशिष्ठ, बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन्।)**

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

कमसेकम अलिक सचेत मानिसहरूले त भ्रम नपाले हुन्थ्यो जस्तो लाग्छ। मुलुकको इतिहास र वर्तमान दुवै साक्षी छन् यहाँ राजनीति गरेर सत्तामा पुग्न विदेशीहरूबाट 'क्वालिफाइड' हुनैपर्छ। क्वालिफाइड हुन कुनै न कुनै मुद्दा लाग्ने प्रकृतिको गल्ती गरेकै हुनुपर्छ। दाँया-बाँया गरेर मालिकले भनेको नमाने उहीँ !



**- चन्द्र श्रेष्ठ**

प्रशंसाले नै व्यक्तिमा अहंकार पलाएको देखिन्छ। कुनै पनि व्यक्तिको अन्धभक्त भइ अत्याधिक प्रशंसा गर्नुकै कारण आज आफ्नै मत हामी आफैलाई भारी साबित भइरहेको देखिन्छ। यसर्थ, नेता-नेतृत्वलाई सही मेलोमा हिँडाउनको लागि तिनको प्रशंसामा हात धोएर लाग्नु भन्दा पनि खबरदारीको खाँचो देखिन्छ।



**- वद्रि विनोद खनाल**

वि.सं. २०४७ यताका भ्रष्टाचारका फाइल खोल्ने कुरा सुन्दा प्रिय र अप्रिय दुवै लाग्यो। प्रिय यसकारण लाग्यो कि राजनीतिमा लागेर अकुत सम्पत्ति आर्जन गर्नेहरू दण्डित हुन भए। अप्रिय किन लाग्यो भने हाम्रा ऐन कानून भ्रष्टाचारी संरक्षित रहेछन्। आफ्नो खाल्टो आफैले खन्लान् र ? यी कुरा सम्झेर अप्रिय लाग्यो।



**- रामकुमार श्रेष्ठ**

अनुशासन भएन भने न त घर घर जस्तो बन्छ, न त समाज समाज जस्तो बन्छ, न त देश देश नै। अनुशासन बिनाको घर, समाज र देश हामीले देखिराखेका छौं, भोगिराखेका छौं। अधिकार मात्रै खोज्ने, दायित्वबोध पटक्कै नगर्नेहरूकै परिणाम हो, आजका घर, समाज र देशहरू।

# लोकप्रियताको बुई चढेर फासीवादको यात्रा

विचार



● सुरेश भट्ट आश्रिन

> *आफू शक्ति र सत्तामा नहुँदा रगत उमाल्ने ठूला-ठूला नारा दिने र सत्तामा पुगेपछि ती लोककल्याणकारी कार्यक्रमलाई नारामा सीमित राख्नेहरूबाट जनमुखी र जीवनोपयोगी काम हुँदैन भन्ने कुरा पुष्टि हुँदै आएको छ। लोकप्रियतावादको दार्शनिक र सैद्धान्तिक आधार त हुँदैन नै, त्यसका साथै संघर्षको पनि कुनै पृष्ठभूमि हुँदैन।*

आजभोलि विश्व राजनीतिमा लोकप्रियतावादको (पपुलिजम)को चर्चा परिचर्चाले ठूलो हिस्सा ओगटेको छ। इतिहासकार माइकल केजिनको 'दि पपुलिष्ट मोमेन्ट : अ सर्ट हिस्ट्री अफ दि अग्रेरियन रिभोल्ट इन अमेरिका'मा उद्धत गरिएअनुसार लोकप्रियतावाद उन्नाइसौं शताब्दीमा संयुक्त राज्य अमेरिकाबाट उदाएको हो भन्ने कुरा स्थापित छ। तर, पश्चिम युरोपमा भने सन् १९७० को दशकमा मात्रै यसले ठाउँ पायो। २००८-०९ को बृहत् मन्दीपछि युरोप र अमेरिकामा दक्षिणपन्थी, मध्यमार्गी र वामपन्थी सबै खाले राजनीतिमा लोकप्रियतावादको उदय भएको 'दि पपुलिष्ट एक्सप्लोजन' पुस्तकमा लेखिएको छ।

जसमा लेखिएको छ- स्रोत साधन परिचालनको उचित क्षमता नहुँदै, विचारधाराबिना राजनीतिक (कु)तर्कका आधारमा जब केही ताल न तुकका एजेन्डाहरू कार्यान्वयन गर्ने नाममा सार्वजनिक भइरहन्छन्, तिनलाई 'क्षणिक, सस्तो लोकप्रियताका लागि' भन्ने गरिन्छ। त्यसलाई इतिहासकार केजिनले आफ्नो पुस्तकमा भनेका छन्- साँघुरो घेराभित्र नबाँधिएका सर्वसाधारणलाई कामकाजी शासकविरुद्ध भड्काउन सत्तामा र विपक्षीमा रहेकाले अपनाउने हतकण्डा वा तिकडमका रूपमा बुझिन्छ। यसको एकमात्र उद्देश्य सत्ता हत्याउनुमात्र हो। जुन अहिले नेपाली राजनीतिमा हुने गरेको छ। तर, संसारभर भएका साना-ठूला विद्रोह र क्रान्तिहरू सत्ता हत्याउने निहित उद्देश्यपूर्तिका लागि मात्रै भएका थिएनन्। सहज सहकार्यको वातावरण बनाउने, एकअर्काप्रति हरेक अप्ठ्यारा विषयहरू र गाह्रा-साँघुरा संघर्षहरूमा ऐक्यबद्धता जनाउने पवित्र उद्देश्य तिनमा निहित देखिन्थ्यो। समानता तिनको लक्ष्य हुने गरेको थियो।

नेपालमा वि.सं. २०५१ सालमा एमाले सरकारले अगाडि सारेको लोककल्याणकारी कार्यक्रमसहितको बजेटलाई तत्कालीन विपक्षी नेपाली कांग्रेसले 'पपुलिष्ट' भन्ने शब्द पहिलो पटक संसदमा प्रयोग गरेको थियो। नेपालमा पपुलिजम् शब्दको प्रयोग हुने प्रयास अनुचित प्रकारले प्रकट भएर लोकरिझ्याइँ गर्ने कार्य लोक चाहनाको दोहन गर्ने प्रयत्न हो। त्यसरी लोक चाहनाको दोहन गरिसकेपछि स्वयम् लोक चाहनामाथि फासिस्ट शासन चलाउन कुनै शक्ति निर्माण हुन्छ भने त्यो जनतामा हुने पपुलिस्ट सोचाइका कारणले हुने गर्दछ।

लोकप्रिय मतबाट निर्वाचित सार्वभौम जनताका प्रतिनिधि सांसदहरू 'भाइरल' हुने लोभमा तत्काल कार्यान्वयन गर्न असम्भव, तथ्यका दृष्टिले अपुष्ट र शैलीगतरूपमा पनि उत्तेजक र अस्वाभाविक भाषा प्रयोग गरिरहेका छन्। हाम्रो संसद्मा फस्टाएको लोकप्रियतावादको हावाबाट सबैभन्दा बढी मध्यमवर्गीय चरित्र प्रभावित हुने गर्दछ। स्वार्थी, महत्वाकांक्षीहरू मात्र होइन, राजनीतिमा न्यून चेतनास्तर भएका मानिसहरूको ठूलो भीड पपुलिजमको कित्तामा जाने सम्भावना रहन्छ। उनीहरूले बनाएको त्यो चक्रव्यूहमा सबैभन्दा पहिले जनताको स्वतन्त्रतालाई फाँसीमा चढाउन थालिन्छ।

उदाहरणको लागि सकारात्मक परिवर्तनका लागि आफ्नो अभिव्यक्ति व्यक्त गर्ने माइतीघर मण्डला आजभोलि अभिव्यक्ति स्वतन्त्रताको कुरा गर्ने सम्माननीय गृहमन्त्री रवि लामिछानेबाट निषेधित छ। यसरी जनताले आफूले प्राप्त गरेका उपलब्धिलाई समाप्त गर्नेहरू नै लोकप्रियताको लहर वा लोकप्रियतावादबाट उत्पन्न भएको जनमतका कारणले पनि चुनावमा भारी विजय प्राप्त गर्ने गरेका उदाहरणहरू थुप्रै पाइन्छन्। लोकप्रियतावादको लहरको अर्थ हुन्छ, कुनै सिद्धान्त, नीति, कार्यक्रम वा जनहितैषी कार्यक्रमका आधारमा होइन, एक वा अर्को प्रकारका गलत भावनालाई उभारेर लोकप्रिय हुने गरेका कारण खराब तत्वहरू शक्तिसम्पन्न हुने गर्दछन्।

हामीले अन्तर्राष्ट्रिय स्तरका एउटा उदाहरण मात्र पनि हेर्यौं भनेपनि हिटलरको 'नाजीवाद'लाई लिन सकिन्छ। हिटलरले जातिवादको, यहुदीको विरोध र जर्मन जातिको श्रेष्ठताका जातीय व्याख्याका आधारमा व्यापक जनमत जुटाएका थिए र चुनावमा सफलता पनि प्राप्त गरे। जर्मनका इतिहासकारहरूले यो मत प्रकट गरेका छन् कि तत्कालीन समय महिलाहरूका व्यापक समर्थन र भारी मतका कारणले नै हिटलरले विजय प्राप्त गरेका थिए। यद्यपि, जर्मनका महिलाहरूको अत्यधिक मतले हिटलरलाई विजय बनायो तर, पछि हिटलरले चलाएको आतंक र अत्याचारका कारणले ठूलो संख्यामा उनीहरूका पति, पिता, छोरा आदि वा स्वयम् महिलाहरूलाई पनि हिटलरद्वारा यातना दिने वा हत्या गर्ने काम गरिएको हुनाले जर्मनी मात्र हैन, संसारभरि नै महिलाहरूमा ठूलो रुवाबासी भएको थियो।

नेपाली राजनीतिमा पनि यस्तै खाले पात्र र प्रवृत्ति हावी हुन् थालेको छ। आफू शक्ति र सत्तामा नहुँदा रगत उमाल्ने ठूल्ठूला नारा दिने र सत्तामा पुगेपछि ती लोककल्याणकारी कार्यक्रमलाई नारामा सीमित राख्नेहरूबाट जनमुखी र जीवनोपयोगी काम हुँदैन भन्ने कुरा पुष्टि हुँदै आएको छ। लोकप्रियतावादको दार्शनिक र सैद्धान्तिक आधार त हुँदैन नै, त्यसका साथै संघर्षको कुनै पृष्ठभूमि पनि हुँदैन। लोकप्रियतावाद, जसलाई पपुलिजम भनेर बढी उच्चारण गरिन्छ। उग्रवामपन्थी विचारधाराको खण्डन गर्दा नेपालमा पहिले मोहनविक्रम सिंहले पपुलिस्ट सोचाइको आलोचना गरेका थिए। त्यस यता लामो समयपश्चात् लोकप्रियतावाद अर्थात् पपुलिजमबारे नेपालमा चर्चा हुन थालेको छ र यसप्रति मानिसहरूको ध्यान जान थालेको छ। यो स्वागतयोग्य कुरा हो।

संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य र मान्यता स्थापित भएको नेपालमा लोकप्रियतावाद हाबी हुनु लोकतान्त्रिक विधि र व्यवस्था नै खतरामा पर्ने अर्को संकेत हुन्छ। किनभने लोकप्रियतावादले कुनै पनि रूपमा खासै राजनीतिक लक्ष्य प्राप्त गर्ने उत्कट चाहना राख्दैन। आर्थिक संरक्षणवादीहरूले चुनावमा खासै भाग लिदैनन्। हामी आप्रवासबाट चिन्तित मतदाताहरूले समेत आफ्नो छनोटको आधार मताधिकार, आर्थिक र कल्याणकारी राज्यको विषयलाई मुद्दा बनाए पनि आजको राजनीति रवि, राजेन्द्र र प्रचण्डले बेग्लै प्रकारको राजनीतितर्फ अगाडि बढाइरहेका छन्। यहाँनेर लोकतन्त्रमा पार्टीको विकल्प पार्टी नै हुने विधि लत्याएर रवि, राजेन्द्र र प्रचण्ड व्यक्ति नै पार्टी र पार्टी नै व्यक्ति हुने मार्गबाट नेपाली समाजको कदापि भलो हुँदैन। यसले व्यक्तिगत महत्वकांक्षालाई नै पार्टीको मुद्दाको रूपमा स्थापित गर्छ र पार्टीलाई एकाधिकार, एकाङ्गी प्रणालीअनुसार चल्नुपर्ने मान्यता स्थापित गर्छ। जुन मान्यताले जुनसुकै समय जे पनि राजनीतिक घटना पर्खिरहेको हुन्छ।

## तपाईंको राशिफल

- मेष : विस्तारै प्रगति हुनेछ। दाम्पत्य जीवन सुखी रहनेछ।
- वृष : सन्तान सुख प्राप्त हुने योग छ। आयको बाटो खुल्नेछ।
- मिथुन : साहसिक कार्यमा सफल मिल्नेछ। लामो यात्राको योग छ।
- कर्कट : व्यस्तता बढ्नेछ। जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ।
- सिंह : अनिर्णयको स्थितिको कारण रोकावट आउनसक्छ। शत्रु कमजोर हुनेछन्।
- कन्या : कुनै पनि कार्यमा हतार नगर्नु होला। खर्च बढ्ने योग छ।
- तुला : शत्रु परास्त हुनेछन्। आत्मविश्वासमा वृद्धि हुनेछ।
- वृश्चिक : वाहन सावधानी राख्नुहोला। आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।
- धनु : पारिवारिक अशान्तिको योग छ। आहारमा ध्यान दिनुहोला।
- मकर : हतारमा कुनै निर्णय नलिनु होला। धार्मिक कार्यमा रुची बढ्नेछ।
- कुम्भ : व्यापारिक कार्यमा लाभ मिल्नेछ। लगानी बढ्दै जाने योग छ।
- मीन : जोखिम भएको कार्यमा नोक्सान हुनेछ। विरोधी सक्रिय हुने योग छ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एक लाखले अवलोकन गरे भक्तपुर महोत्सव



**भक्तपुर/मस–** आठौं भक्तपुर औद्योगिक सांस्कृतिक पर्यटन तथा व्यापार महोत्सवको पहिलो सात दिनमा एक लाख भन्दा धेरैले अवलोकन गरेका छन् ।

चैत २२ गतेदेखि शुरु भएको मेलामा एक लाख बढीले सहभागिता जनाएको आयोजक औद्योगिक शान्ति नेपाल संस्थाका अध्यक्ष सन्दीप महतले बताए । मंगलबार भक्तपुरको प्रसिद्ध बिस्काः जात्रा शुरु भएकाले अबका दिनका महोत्सव अवलोकन गर्ने आउनेको संख्यामा वृद्धि हुने आयोजकहरुको अपेक्षा छ ।

नयाँ वर्षसमेत रहेकाले अबका चार दिनमा थप एक लाख बढीले मेलाको अवलोकन गर्ने अपेक्षा गरिएको मेला आयोजक समितिका संयोजक अध्यक्ष दिपक थापाले बताए । मेला अन्तर्गत नृत्य प्रतियोगिता समेत सञ्चालन गरिएको छ, भने बैशाख ३ गते नेपाली भाषि भारतीय गायक विपुल क्षेत्रीको विशेष सांगीतिक कार्यक्रम हुनेछ । मेलामा कृषि, पर्यटन, दैनिक जीवनका उपभोग्य सामग्री, लत्ताकपडा, अटो मोवाइल्स, जुत्ता, हस्तकलाका सामग्री लगायतको करिब २ सय स्टल रहेका छन् । मेलामा बिक्री गरिने सामग्रीमा २० देखि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाइएको छ। सल्लाघारीस्थिततीनकुने चौरमा वैशाख २ गतेसम्म सञ्चालन हुने मेलामा ज्येष्ठ नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ ।

# डोल्पामा आगलागीमा परेर तीन बालक घाइते

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २९ चैत

हिमाली जिल्ला डोल्पामा आगलागीमा परेर तीन जना बालक घाइते भएका छन् । बिहीबार दिउँसो च्याउ टिप्न गएका बेला त्रिपुरासुन्दरीको सुँ-सामुदायिक वनमा एक्कासी आगलागी हुँदा त्रिपुरासुन्दरी ४ रंगका १२ वर्षीय विवश बुढा, सोही वडाका १३ वर्षीय समन्त बुढा र १० वर्षीय सुरज बुढा घाइते भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक हरिकृष्ण केसीले जानकरी दिए ।

घाइते बालकहरुको अवस्था गम्भीर भएकाले हेलिकप्टरबाट नेपालगञ्ज लैजाने तयारी गरिए पनि मौसमका कारण आउन सक्ने अवस्था नरहेको प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले जानकारी दिए ।

बालबालिकाको जिल्लामा उपचार सम्भव नभएपछि उद्धारका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट हेलिकप्टरका लागि पत्र लेखिएको प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले जानकारी दिए । घटनामा एकै घरका दुई बालक परेको स्थानीयले बताएका छन् । घाइते बालकहरु बिदाको दिनमा वनमा गुच्छी च्याउ टिप्न गएको बेला आगोमा परेको स्थानीयले बताएका छन् ।

# लहान एक्स्पो शुरु हुँदै

**रामएकवाल राम/मध्यान्ह**
लहान, २९ चैत

सिरहाको लहानमा शुक्रबारदेखि लहान एक्स्पो शुरु हुने भएको छ । उद्योग वाणिज्य संघ लहानले 'समृद्धिको आधार कृषि, पर्यटन उद्योग र व्यापार' भन्ने मूल नाराका साथ एक्स्पो शुरु गर्न लागेको हो ।

महोत्सवको उद्घाटन उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ र मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले संयुक्त रुपमा गर्ने आयोजक संघका अध्यक्ष विकाश शारदाले जानकारी दिए । लहानमा व्यावसायिक वातावरण र पर्यटन प्रवर्द्धन गर्दै लहानको नाम पहिचान होस् भने विश्वासका साथ एक्स्पो आयोजना गरिएको अध्यक्ष शारदाको भनाइ छ । एक्स्पोमा कृषि सम्बन्धी स्टल, महिला उद्यमी र साना घरेलु उद्यमीहरुको पनि स्टल हुनेछन् । अन्तर्राष्ट्रिय स्तरमा पाकिस्तानका लेदर ज्याकेटदेखि बंगालादेशबाट साडीका सुट र भारतीय उत्पादनका समेत स्टलहरु रहने आयोजकले जनाएको छ ।

लहान एक्स्पो
मधेश प्रदेश अन्तर्राष्ट्रिय महोत्सव २०८०

यस्तै नेपालमा उत्पादन हुने वस्तु तथा जुत्ता, चप्पलका स्टलका साथै स्थानीय परिकारहरुका स्टलहरु समेत रहने छन् । एक्स्पोको विशेष आकर्षणका लागि ५५ फिटको आइफिल टावर तथा सेल्फिजोन र बच्चा तथा युवाहरुका लागि एड्भेन्चर खेलसमेत खेलाइने आयोजकले जनाएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/०६ मा दर्ता भएको **प्रा.लि.नं. १५२३१६** को **योलो इन्कपोरेसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०६/१३ मा दर्ता भएको **प्रा.लि.नं. १४०६३९** को **रिजन मल्टिपर्पोज इन्भेष्टमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BAYAN DELIVERY COMPANY TO DELIVER CONSUMER ORDERS & OTHERS.LLC शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४०२ LT. No.:300524 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 64 | 0 | स. काममा दक्ष | 140 | ६०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता बाजेको सेकुवा पोखरामा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ८ गते (20 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरीमा २०८१ बैशाख ९ गते (21 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता रोज पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट बुटवलमा २०८१ बैशाख १० गते (22 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1341/074/075
AAYUSH OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu | Tel: 01-015918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: POWER FORCE SECURITY SERVICES L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२७९८ L.T. No.: 287212 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 30 | 27 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 66 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## Cyprus मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर

कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।११।१९ चलानी नं. ६०१९७५०९ LT.No. 282062 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 03 | 05 | काममा दक्ष | 800 | १,१५,४०८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Caretaker | 04 | 03 | काममा दक्ष | 850 | १,२२,६२१।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ बैशाख ७ गते (19 April, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com


---

## Invitation for Bids

### Pakhribas Municipality
### Office Of The Municipal Executive
Dhankuta, Koshi Province, Nepal

**Contract Identification No.: PKBSMUN/NCB/WORKS/2080/081-07**

**Date of publication: 12th April, 2024**

1. Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal, invites electronic bids from Nepalese eligible bidders for the Construction of **Construction of Industrial Gram in Pakhribas Municipality** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 48,31,227.66 (Inclusive of VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Bid Document Price: NRs. 3000/- Name of the Bank: NIC ASIA Hile Branch
   Name of Office: Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta,
   Office Code no.: 1126007 Antarik Rajaswa Khata no.: 0882050028483002
4. Pre-bid meeting shall be held at Pakhribas Municipality, on 3rd May 2024 at 14:00 Hrs.
5. Electronic bids must be submitted to the office Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp before 12:00 Hrs of 12th May 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose attend on 13:00 Hrs. of 12th May 2024 at the office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Koshi Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format. which shall be valid for 30 days beyond the validity period of the bid. The bank account details for cash deposit is given by:
   Bid Security price NRs : *NRs. 1,30,000 /-*
   Name of the Bank : *NIC ASIA Hile Branch*
   Name of Office :*Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta*
   Dharauti Khata Account no. :*88CA502647524003*

| S.N. | Contract ID | Descriptions | Estimated Amount (With VAT) | Bid Document Cost NRs | Last Date of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | PKBSMUN/NCB/WORKS/2080/081-07 | Construction of Industrial Gram in Pakhribas Municipality | 48,31,227.66 | 3,000 | 12:00 Hrs of 12th May 2024 | 13:00 Hrs. of 12th May 2024 | *1,30,000 /-* |

**Chief Administrative Officer**

---

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
### Infrastructure Development Directorate
### Infrastructure Development Office
**Khalanga, Jajarkot, Nepal**

## Invitation For Bid

**Date of publication: 2080/12/30 (12 April, 2024),**
**IFB No.: 07/IDO/JKT/080-81**

1. Infrastructure Development Office (IDO) Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification (ID) No. | Description of Works | Estimated Amount (without VAT but with PS) | Minimum Average annual Construction Turnover of best 3 years within the Last 10 years | Minimum Work experience: Similar Size and Nature | Minimum Work experience: Key Activity | Bid Security Amount | Bid validity/ Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/JKT/W/NCB/36/080-81 | Upgrading of Ranagaun Redcross Bhawan Dekhi BP Park Tauke Bajar Machaina Thalah Sadak, Jajarkot | N/A | NRs. 58 Millions | at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs 2,33,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works. | 1. At least 1,20,000 $m^3$ of E/W in all types of soil including ordinary rock & Hard rock in road works per fiscal year. 2. At least 290 $m^3$ of RCC work GradeM20 or Higher Grade in Road works per fiscal year. | NRs. 10,00,000 | 90/120/5,000 |

2. Electronic Bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. On or before May 12 , 2024 (2081/01/30) at12:00 0'clock.Bids received after this deadline will be rejected.
3. The Bids will be opened in the presence of Bidders' representatives who choose to attend May 12, 2024 (2081/01/30) at 13:00 0'clockat Infrastructure Development Office, Jajarkot, Nepal.

**Office Chief**

# किरात याक्थुङ चुम्लुङ पाँचथरद्वारा १३ बुँदे फिदिम घोषणापत्र जारी

लेखनाथ सिकारु/मध्यान्ह
पाँचथर,२९ चैत




लिम्बू जातिहरुको सर्वोच्च संस्था किरात याक्थुङ चुम्लुङ पाँचथरले विद्यालय, नवनिर्मित सडक, सामुदायिक वन, संघसंस्था आदिको नाम रैथाने भाषा, संस्कृति र स्थानीय युगपुरुषहरुको नामबाट नामाकरण गराउन अभियान सञ्चालन गर्ने भएको छ।१३ बुँदे फिदिम घोषणापत्र जारी गर्दै चुम्लुङले भाबी योजनाका बारेमा जानकारी गराएको हो ।

चैत २३ र २४ गते फिदिममा सम्पन्न ९ औं जिल्ला अधिवेशनबाट निर्वाचित जिल्ला कार्य समितिले फिदिममा पत्रकार सम्मेलनको आयोजना गर्दै समितिले गर्ने आगामी कार्यक्रम तथा प्रतिबद्धतासहितको घोषणापत्र जारी गरेको हो । घोषणापत्रमा ताप्लेजुङ जिल्लामा अवस्थित याक्थुङ आदिवासीहरुको परम्परागत सांस्कृतिक आध्यात्मिक पवित्रस्थल सेमुत्तु मुत्तुबुङ, मुक्कुमलुङ अतिक्रमण गरी पाथिभरा बनाइएको र हाम्रो सांस्कृतिक धरोहरलाई दलाल पूँजीपतिहरुको व्यापारिक केन्द्र बनाइ निजी बनाउने नियतका साथ केबलकार निर्माण गरी धार्मिक स्थलमाथि हस्तक्षेप गर्ने कुचेष्टा गरिएकोमा घोर भर्त्सना गर्दै त्यसविरुद्धको आन्दोलनमा ऐक्यबद्धतासहित जस्तोसुकै कदम उठाउन पान्थर जिल्ला तत्पर रहेको भनिएको छ ।

यस्तै याक्थुम (लिम्बू) भाषालाई प्रदेश लगायत पान्थरका सबै स्थानीय तहमा सरकारी कामकाजको भाषा मान्यता दिन सशक्त पहल गर्ने, मातृभाषा शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन शिक्षक दरबन्दी सृजना गरी पदपूर्ती गर्ने, अन्य सेवा सुविधाको व्यवस्था गर्न सबै पालिकामा दबाबमूलक अभियान संचालन गर्ने उल्लेख गरिएको छ।

यस्तै विधि, प्रकृया र लोकतान्त्रिक पद्दती मिचेर २०७९ फागनु १७ गते गैरसरकारी विधेयक पेश गरी चोरी दाउमा पास गरिएको कोशी प्रदेश नाम खारेज गरी ऐतिहासिक पहिचानजनित भौगोलिक नामका आधारमा लिम्बुवान किरात प्रदेश पुनः नामांकन गर्न, गराउन आन्दोलनमा सशक्त सहभागिता जनाउने प्रतिबद्धता जाहेर समेत गरिएको छ।

जिल्लाका सबै अतिक्रमित रैथाने स्थाननाम, ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थलका नामहरुलाई सच्याई पुनःस्थापना गर्न र उपनिवेशिकरण हुनबाट संरक्षण गर्न अभियान संचालन गरिने, समुदायमा निहीत रैथाने मौलिक ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धनका लागि विशेष कार्यहरु गरिने घोषणा पत्रमा उल्लेख छ।

विद्यालय, नवनिर्मित सडक, सामुदायिक वन, संघ संस्था आदिको नाम रैथाने भाषा, सँस्कृति र स्थानीय युगपुरुषहरुको नामबाट नामाकरण गर्ने गराउने अभियान संचालन गरिने, युवाहरुको विदेश पलायनलाई निरुत्साहित गर्दै उद्यमशील बन्न, उद्यम गर्न र आत्मनिर्भर तथा स्वावलम्बी हुन अभिप्रेरित गर्न कार्यक्रमहरु सञ्चालन गरिने, उद्यमशीलताको माध्यमबाट समृद्धिको यात्रा तर्फ लम्किन अभिप्रेरित गरिने उल्लेख गरिएको छ।

बालबालिका, बृद्ध तथा भिन्न क्षमताका व्यक्तिहरु लक्षित कार्यक्रमहरु सञ्चालन गरिने, विभिन्न पेशागत संघ संगठनहरु गठन गरी समुदायको हितमा उपयोग गर्न र अरुलाई अभिप्रेरित गर्न गराउन कार्यक्रमहरु सञ्चालन गरिने र यी संगठनको माध्यमबाट मुलुक र मुलुकबासीको हित र राष्ट्रनिर्माणको लागि योगदान दिन अभिप्रेरित गरिने उल्लेख गरिएको छ। याक्थुङ प्राज्ञिक संघ गठन गरी ज्ञान निर्माण तथा विस्तार गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने, याक्थुम शिक्षक संघ, याक्थुङ व्यवसायी संघ जस्ता संस्थाहरूको स्थापना गरिने र याक्थुङ समुदायमा बढ्दो भड्किलो संस्कृतिलाई न्यूनिकरण गराई मौलिक परम्परा अनुसार निरन्तरता दिने घोषणापत्रमा उल्लेख छ।

## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८०/१२/३०)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरुमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| SN | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of lowest evaluated substantially responsive bid (Excluding vat) |
|---|---|---|---|---|
| 1 | IFB No: 03/ SQ/GOODS/ CRM/080/081/Re | Procurement of Steel Parts of Bettada Bhurung Danda Steel Truss Bridge | Junkiri Industries Pvt. Ltd., Butwal-10 | 13,43,020.75 |

प्रमुख प्रशासकीय अधिकृत

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Air Conditioner | | PALSONIC | PLC 12000 BTU ANGEL 169 | 12000 BTU | CHINA | SETS | 54,900.00 | 54,900.00 | |
| २. | Air Conditioner | | PALSONIC | PLC 18000 BTU ANGEL 169 | 18000 BTU | CHINA | SETS | 72,900.00 | 72,900.00 | |
| ३. | Air Conditioner | | PALSONIC | PLC-12IN | 12000 BTU (Inverter) | CHINA | SETS | 62,900.00 | 62,900.00 | |
| ४. | Air Conditioner | | PALSONIC | PLC-18IN | 18000 BTU (Inverter) | CHINA | SETS | 87,100.00 | 87,100.00 | |
| ५. | Refrigerator | | PALSONIC | PLC-120DT | 120L | CHINA | Pcs | 16,500.00 | 16,500.00 | |

ए.जी.आर इण्डस्ट्रीज प्रा.लि.
नँयाबाटो, ललितपुर

स्थायी लेखा नं ६०५९३३२७५
फोन नं ९८०१८९९९९०

## Government of Nepal
## Ministry of Physical Infrastructure and Transport
# Department of Roads
# Pushpalal (Mid Hill) Highway Project Directorate
Babarmahal, Kathmandu

# Invitation for Bids

**Notice No: MHHP-3-2080/81**

**Date of Publication: 2080/12/30 (12 April, 2024)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Pushpalal (Mid Hill) Highway Project Directorate, Babarmahal, Kathmandu invites Open Competitive Bidding (Single Stage Double Envelope Technical and Financial electronic bids in the form of Technical and Financial Bids) from eligible bidders under National Competitive Bidding procedures for the construction of works as given in table below:

| S. N. | Contract Identification No./Work Description | Average Annual Construction Turnover (NRs) | Specific Experience Requirements | Bid Capacity (NRs) | Bid Security Amount & Validity Period (NRs) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | MIDHLPD/33701114/080/81/UR-003, Upgrading of Katunje Khahare Arughat Road, Chainage: 0+000~29+730; Dhading District | 1081 Millions | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 1532 Millions | 50 Millions & 150 days from the date of bid opening | 20,000 |

**#Bid Validity Period is 120 days from the date of bid opening.**

2. **Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Revenue Account:**

| Name of Bank | Name of the Office | Office Code No | Revenue Account No. | Office Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank, Central office, Singhadurbar, Kathmandu | Pushpalal (Mid Hill) Highway Project Directorate | 337013509 | 14229 | 1000100200010000 |

3. **Submission and Opening of Bids:**

| Last date and time of Submission of Bids | | Opening of Bids | | Pre-Bid meeting | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2081/02/01 (14th May, 2024) | 12:00 | 2081/02/01 (14th May, 2024) | 13:00 | 2081/01/18 (30th April, 2024) | 13:00 |

4. **Information to deposit the Bid Security Amount:**

| Name of Bank | Name of the Office | Office Code | Deposit Account No. |
|---|---|---|---|
| Nepal Rastra Bank, Baluwatar | Pushpalal (Mid Hill) Highway Project Directorate | 337013509 | 1201200001002524 |

Eligible Bidders may obtain further information at Pushpalal (Mid Hill) Highway Project Directorate, Babarmahal, Kathmandu, (Tel.: 01-4795670, Fax: 01-4794830) or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

Project Director


## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : Manarat Al Doha Contracting Company Is One Person Company शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०९/२१ चलानी नं.: ६०२१२६५२ LT. No.: 297608 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 26 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Unique Trades Worker | 50 | 0 | | 1000 | ३५,४०० | | | | | | | |

२. कम्पनी : SOUNDLINES SERVICES CO. LTD. शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०७/०३ चलानी नं.: ६०२०९३६७ LT. No.: 294305 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FAREAZ FOR TRADING AND MARKETING CO. LTD. शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७१२ LT. No.: 297715 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1500 | ५३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



## कतारमा रोजगार | कम्पनी : PROGRESSIVE TRADING & CONTRACTING W.L.L शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८२३२ LT. No.:303333

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secretary | 0 | 1 | स. काममा दक्ष | 2300 | ८३,७४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : PROGRESSIVE CATERING SERVICES शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८२३१ LT. No.: 303334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1700 | ६१,८९७ | | | | | | | |
| 3. | Waiter | 11 | 0 | | 1400 | ५०,९७४ | | | | | | | |

कम्पनी : QATAR FACTORY FOR FIRE FIGHTING EQUIPMENT & SAFETY SYSTEMS (NAFFCO) शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८२३० LT. No.: 303335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric Tech. | 10 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 3. | Instal Technician | 10 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 4. | Pipe Welder | 13 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |
| 5. | Plumber | 10 | 0 | | 1100 | ४०,०५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ७ गते (19 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

# ज्येष्ठ नागरिकलाई आयुर्वेद स्वास्थ्य सेवा

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, २९ चैत



जुम्लाका ज्येष्ठ नगरिकका लागि आयुर्वेद स्वास्थ्य सेवा दिन शुरु गरिएको छ । चन्दननाथ नगरपालिकाको सहयोगमा आयूर्वेद स्वास्थ्य सेवा केन्द्र जुम्लाले जेष्ठ नागरिकको कार्यालय भवनबाटै उक्त सेवा दिन थालेको हो । चन्दननाथ नगरपालिका भरीका ज्येष्ठ नागरिकलाई औषधी र आवश्यक सामग्रीसहितका सेवा उपलब्ध गराइने नगरपालिकाले जनाएको छ ।

त्यस्तै चन्दननाथ नगरपालिकाले दिएको २० लाख रुपैयाँ कार्यालयले निःशुल्क ज्येष्ठ नागरिक आयुर्वेद फार्मेसी कक्षमा आयुर्वेद औषधी खरिद, स्नेह कक्ष, आराम कक्ष तथा आयूर्वेद वाफ कक्षको व्यवस्थापन गरिएको आयुर्वेद स्वास्थ्य सेवा केन्द्रका प्रमुख नन्द प्रसाद न्यौपानेले जानकारी दिए ।

उनका अनुसार ज्येष्ठ नागरिकका लागि नगरपालिकाले विनियोजन गराएको २० लाख बजेटले ९ लाख ५० हजार रुपैयाँ रकमको फार्मेसी सञ्चालनका लागि रसायन योग आयूवेर्दिक औषधी, ४ लाख ५० हजारमा स्नेहन (मालीस) र स्वेदन कक्ष निर्माण तथा हाईजिन मेन्टनका लागि फर्निचर, इन्धन खरिद तथा निर्माण, ऋण तथा रोगको प्रकोप अनुसार विभिन्न स्नेह स्थानीय शिविर तथा उत्तमाङ चिकित्सा शिविर शिविरका लागि खर्चिने भएको छ । यसैगरी सो सेवाका लागि २ जना कर्मचारी समेत व्यवस्थापन गरिएको छ । त्यस्तै ज्येष्ठ नागरिकहरुलाई चन्दननाथ १० मा भएको आयूर्वेद अस्पतालमा जान टाढा र कठिन भइरहेको समयमा सदरमुकाममा ज्येष्ठ नागरिकको कार्यालयमा सेवा दिन थालेपछि ज्येष्ठ नागरिकहरु खुशी भएका छन् । जिल्ला ज्येष्ठ नागरिक संघ जुम्लाका कार्यवाहक अध्यक्ष तुलाराम न्यौपानेले पछिल्लो समय चन्दननाथ नगरपालिका, आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लालाई विशेष आभार व्यक्त गरेका छन् ।

चन्दननाथ नगरपालिकाका नगरप्रमुख राजुसिंह कठायतले हामी सबै भोलिका ज्येष्ठ नागरिक भएकाले ज्येष्ठ नागरिकको सेवा सबैभन्दा महत्वपूर्ण रहेको बताए । उनले ज्येष्ठ नागरिकलाई आयुर्वेदको स्वास्थ्य सेवाको लागि कार्यालय अगाडि बढाएको योजना अनुसार नगरपालिकाले २० लाख रुपैयाँ सहयोग भएको बताए ।

जिल्लाभरीका ज्येष्ठ नागरिकहरु आवद्ध भएको संस्थामा अझ राम्रा-राम्रा काम गर्नका लागि सहयोग गरिने छ । कठायतका ७० लाख रुपैयाँ भवन बनाउन आएकाले सहयोग गरिनेछ । चन्दननाथ नगरपालिका वडा नम्बर ५ का अध्यक्ष विर्खबहादुर कार्कीले कार्यपालिकाले ज्येष्ठ नागरिकको सवालमा सकारात्मक भइ बजेट विनियोजन भएको र सेवा लिनका लागि अनुरोध गरेका छन् ।

# 'विदेशमा रहेर स्वदेशमा सहयोग गर्नेलाई राज्यले सम्मान गर्नुपर्छ'

**सरु भुसाल / मध्यान्ह**
अर्घाखाँची, चैत २९




जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले विदेशी भूमिमा बसेर पनि नेपालमा पर्ने हरेक विपत्तिका साथ र सहयोग गर्ने सहयोगी मनहरुलाई उच्च सम्मान गर्नुपर्ने बताएका छन् ।

अर्घाखाँची सम्पर्क मञ्च दक्षिण कोरियाले सन्धिखर्कमा आयोजना गरेको वार्षिक भित्तेपात्रो विमोचन तथा मिर्गौला पीडित परिवारलाई सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख कोइरालाले विदेशमा बसेर सधैं नेपालीहरु समस्यमा पर्दा दिल खोलेर सहयोग गर्ने सहयोगी दाताहरुको कारण धेरैले पुनर्जीवन प्राप्त गरेको बताए । कोइरालाले स्वदेश तथा विदेशमा बस्ने नेपालीहरुलाई नयाँ वर्षको अवसरमा शुभकामना समेत समेत गरे ।

